बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**बाल विवाह सामाजिक र कानूनी अपराध हो**

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।।अङ्क : ११७ ॥ २०७९ जेठ १८ गते बुधबार (1st Jun 2022 Wednesday) **Pratidin** National Daily dÑo-?÷%÷-

## एमालेका यी नेताहरुले आफ्नै वडामा जिताउन सकेनन्



*झापा (प्रस) ।* स्थानीय तहको निर्वाचनमा कांग्रेसजस्तै एमाले झापाका नेताहरुको पनि हविगत उस्तै भएको छ । जिल्लामा अग्रपंक्तिमा रहेर नेतृत्व गर्ने एमालेका नेताहरुले आफ्नै वडामा समेत पार्टीका उम्मेदवारहरुलाई जिताउन सकेनन् । एमालेका पूर्व जिल्ला अध्यक्ष, पूर्वसांसद एवम् केन्द्रीय सदस्य रविन कोइरालाको वडा मेचीनगर ६ मा नेपाली कांग्रेसका ललित तामाङले जिल्लामै धेरै मतान्तरले एमालेका उम्मेद्वारलाई पराजित गरे । प्रदेश सांसद श्रीप्रसाद मैनाली पनि सोही वडाका निवासी हुन् । पूर्वमन्त्री तथा पूर्व महान्यायाधिवक्ता समेत रहेका केन्द्रीय सदस्य अग्नी खरेल, संघीय सांसद पवित्रा निरौला खरेल, केन्द्रीय सदस्य दुर्गा प्रसाईं, एमालेका अग्रज नेता तथा पूर्वसांसद नरेश खरेल, प्रदेश सांसद एवम पूर्व राज्यमन्त्री जसमाया गजमेरलगायतको बसोबास रहेको बिर्तामोड ५ मा एमालेले हार बेहोरेको छ । गत निर्वाचनमा एमालेले जितेको बिर्तामोड वडा नं ५ लाई ती 'दिग्गज भनाउँदा'हरुले सुरक्षित गर्न सकेनन् । यस वडामा कांग्रेसका रोहित प्रसाईले वडाध्यक्ष जिते भने चार सदस्य एमालेले जोगाएको छ ।

त्यस्तै पार्टीका निवर्तमान जिल्ला अध्यक्ष एवम् प्रदेश एकका सचिव चिन्तन पाठकले पनि आफ्नो वडा जिताउन सकेनन् । उनको वडा बुद्धशान्ति २ मा एमालेको पराजय भयो । बुद्धशान्ति गाउँपालिकामा एमालेले आफ्नो पुरानै पद उपाध्यक्ष सुरक्षित गर्दै अध्यक्ष भने कांग्रेसलाई जिम्मा लगाएको छ ।

यसै क्षेत्रको अर्जुनधारा ३ यसपटक पनि एमालेले फर्काउन सकेन । खुदुनावारीका चर्चित नेता पूर्वसांसद एवम् पार्टीका जिल्ला उपाध्यक्ष प्रेम गिरीको वडामा एमालेले पराजय भोग्यो । त्यस्तै विद्यार्थी नेता एवम् प्रदेश सांसद बसन्त बानियाँले पनि आफ्नो वडा कचनकवल ७ मा पार्टीका उम्मेदवारलाई जिताउन नसकेको अवस्था छ । अर्का विद्यार्थी नेता असारु राजवंशीलाई एमालेले भद्रपुर नगरपालिकाको प्रमुखमा उठाएको थियो । गत निर्वाचनमा नगरप्रमुख र उपप्रमुख जितेको एमालेले भद्रपुरमा दुवै पद गुमायो । नगर प्रमुखमा कांग्रेस र उपप्रमुख पद राप्रपाले जित्यो । त्यसैगरी, झापाको क्षेत्र नं ४ का बहालवाला सांसद एवम् केन्द्रीय सदस्य एलपी साँवाले समेत आफ्नो वडा हारेको हेरेर बस्नुको विकल्प रहेन । शिवसताक्षी ९ मा एमालेले पराजय भोग्दै गर्दा प्रमुख र उपप्रमुख पद भने सुरक्षित राख्न सफल भयो ।
त्यस्तै, पार्टीका जिल्ला अध्यक्ष एवम् पूर्वसांसद दिपक कार्कीले पार्टीलाई जिल्लाभरि जिताउने तागत राखिरहँदा आफ्नै वडा गौरादह ३ मा जिताउन सकेनन् । त्यहाँ पार्टीकै बागी उम्मेद्वार दिलिपकुमार भण्डारीले आधिकारिक उम्मेद्वारलाई हराइदिए । यस वडामा एमालेले आफ्ना चार सदस्यलाई भने सुरक्षित राख्न सफल बनेको छ । त्यस्तै पूर्व सांसद एवं पार्टीका केन्द्रीय सदस्य हरिबहादुर राजवंशीले पनि आफ्नो वडा बाह्रदशी ५ मा एमालेलाई जिताउन सकेनन् । त्यहाँ पुरै सेट राप्रपाले जितेको छ । यसरी नै एमालेका बिर्तामोड अध्यक्ष सुवास भट्टराई, जिसस प्रमुख सोमनाथ पोर्तेल, पूर्वगाविस उपाध्यक्ष लोकबन्धु कन्दङ्बा, मोहन बिकलगायका स्थानीय नेताहरुले समेत आफ्नो वडामा एमालेका उम्मेद्वारलाई जिताउन सकेनन् । जिल्लामा बहुमत ल्याउँदै एमालेले साख जोगाएपनि जिल्लाकै मुख्य नेताहरु बसोवास गर्ने वडामा पार्टीले हार ब्यहोर्दा राम्रो सन्देश दिएको छैन ।



# एक्सेल डेभलपमेन्ट बैंकको ४३ औं शाखा धरानमा

झापा , जेठ १७ । एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडले बैकिङ्ग पहु‘च जनतामाझ पुर्याउने उद्देश्यका साथ धरानमा ४३ औं शाखा विस्तार गरेको छ ।

धरान उपमहानगरपालिका वडा नं ३ स्थित धरान बजारमा एक्सेलको नयाँ शाखा खोलिएको हो । जसको मंगलबार धरान उपमहानगरपालिकाका उपप्रमुख अइन्द्र बिक्रम बेघा र बैंकका संचालक पुरुषोत्तम लम्सालले संयुक्त रुपमा उद्घाटन गरे । आर्थिक र व्यापारिक दृष्टिकोणले प्रमुख भूमिका भएको धरान बजारमा ग्राहकहरुलाई विभिन्न किसिमका निक्षेप योजनामार्फत रकम जम्मा गर्न सक्ने साथै आफ्नो आवश्यकता बमोजिम आवास, सवार ीसाधन, व्यक्तिगत, व्यापारिकलगायतका कर्जा लिन सक्ने सुविधा प्रदान गर्नुका साथै उनीहरुकै रोजाइको माध्यम अर्थात ब्द्यद्यक, ऋ(ब्क्द्यब, क्षएक, ऋयललभअत क्षएक, इलष्लिभ ऋभिबचष्लन, त्तच ऋयमभ तथा स्मार्ट मोवाईल बैंकिङ्ग (कबचत :यदषभि द्यबलपष्लन), भारत र भुटानमा समेत प्रयोग गर्न सकिने सुविधासहितको खष्कब म्भदष्त ऋबचम, रेमिटान्स सेवा



लगायतका अधिकांश बैंकिर्ङ सेवाहरु उक्त शाखा कार्यालयबाट प्रदान गरिने बैंकले जनाएको छ ।
यस बैंकको हालसम्म लगानीमा रहिरहेको कर्जा लगभग रु १० अर्व ५८ करोड रहेको छ भने निक्षेप संकलन लगभग रु ११ अर्ब २७ करोड गरेको छ ।
झापाको बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको यस बैंकले हाल झापा, इलाम, मोरङ, पा‘चथर र सुनसरीका विभिन्न ४३ स्थानमा आफ्ना शाखा कार्यालयहरुमार्फत ग्राहकहरु समक्ष बैंकिर्ङ सेवा प्रदान गरिरहेको छ भने यसै महिनाभित्रमा मोरङको पथरीमा थप नयाँ शाखा संचालनमा आउने र आगामी दिनमा १ नम्बर प्रदेशभर आफ्नो कार्यसंजाल वृद्धि गर्ने उद्धेश्यका साथ पु‘जी वृद्धि गर्ने योजना अघि बढाएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.का संचालक लम्सालको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा बैंकका सहायक महाप्रबन्धक अशोक क्षेत्रीले स्वागत मन्तव्य राखेका थिए । त्यस्तै बैंकको वर्तमान गतिविधिका बारेमा प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेलले प्रकाश पारेका थिए । कार्यक्रममा संस्थापक शेयरधनी डा. रुपक खनाल, मितेरी डेभलपमेन्ट बैंक लि. का प्रमुख कार्यकारी अधिकृत तुलसीप्रसाद वस्ती, धरान उपमहानगरपालिका वडा नं ३ का वडाध्यक्ष विद्या शाक्यलगायतले शुभकामना मन्तव्य राखेका थिए भने प्रमुख अतिथि धरान उपमहानगरपालिकाका उपप्रमुख बेघाले आफ्नो मन्तव्यसहित शुभकामना दिएका थिए । उदघाट्न कार्यक्रमको संचालन बैंकका कम्पनी सचिव श्यामबहादुर बोहोराले गरेका थिए ।


# कर्णाली बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४ झापाको

## कर्जा चुक्ता गर्ने बारेको जरुरी सूचना

प्रकाशित मिति-२०७९/०२/१८

यस संस्थाको बिभिन्न सेवाकेन्द्रहरुमा तपशिलमा उल्लेखित ऋणीहरुले समूह तथा धितो लगानीमा व्यवसायिक कर्जा शीर्षक अन्तर्गत यस संस्थाबाट लिएको ऋणको साँवा, ब्याज र हर्जना लगायत अन्य रकम समेत यस संस्थासँगको शर्त र तोकिएको भुक्तानी तालिका बमोजिम तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण सम्बन्धी शर्त बन्देज उल्लङ्घन गर्नुभएकोले पटक-पटक लिखित तथा मौखिक तार-तागेता गर्दा एवम् प्रत्यक्ष भेटघाट तथा सम्पर्क गरी ऋण चुक्ता गर्न अनुरोध गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गरी हाल सम्म पनि ऋणको साँवा,ब्याज तथा हर्जना नबुझाएको हुँदा यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिनभित्रमा संस्थामा सम्पर्क गरी संस्थालाई बुझाउनुपर्ने साँवा रकम र सो भन्दा अघिल्लो दिनसम्मको लाग्ने ब्याज र हर्जना समेत सम्पूर्ण रकम चुक्ता गर्न गराउनुहुन तपाई ऋणी सदस्य तथा साक्षी/जमानीकर्ता लगायत सम्वद्ध सबैमा सुचित गरिन्छ।अन्यथा सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी यस संस्थासंग गरेको लिखत/तमसुक बमोजिम ऋणी तथा ऋणीको एका संगोलमा रहेका सदस्यहरुको स्थानीयस्तरबाट पाईने सेवा सुविधाबाट बञ्चित गराउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने, ऋणी तथा जमानीकर्ताको तीनपुस्ते विवरण सहकारी कर्जा सूचना केन्द्रको कालो सूची सम्वन्धी निर्देशिका बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्ने साथै धितो दिएको जग्गा लिलाम गरी असुल उपर गर्ने जस्ता कारवाही गरी लेना रकम असुल गरिने ब्यहोरा यसै सूचनाद्धारा जनकारी गराईन्छ।

| क.सं. | ऋणीको नाम | ठेगाना | न.प्र.नं. | ऋण लिएको मिति | जग्गाधनीको विवरण | धितो रहेको जग्गाको ठेगाना | कित्ता नं. | क्षेत्रफल | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ऋणी-रुकैया खातुन<br>बाबु-अलीअख्तर<br>पति- अजिद रहमान | बाह्रदशी गा.पा.-४ | ०६३०२१/१४६ झापा | ७/२६/२०७७ | ज.ध.-रुकैया खातुन<br>बाबु-अलिअख्तर<br>पति- अजिदरहमान<br>ज.ध.अजिदरहमान<br>बाबु-जबरु मिया<br>बाजे-दरबारु मिया | चकचकी-९<br>चकचकी-९ | ९५८<br>९५५<br>९५७<br>९७०<br>९४५ | ८४.६५ ब.मी<br>८४.६५ ब.मी<br>८४.६५ ब.मी.<br>१६९.३० ब.मी<br>३३८.६३ ब.मी | राजगढ |
| २ | ऋणी-एमनाथ राजबंशी<br>बाबु-जगु लाल<br>बाजे- मुखमिल | बाह्रदशी-गा.पा.-१ | ०३/८६८ झापा | ७/६/२०७६ | ज.ध.-एमनाथ राजबंशी<br>बाबु-जगु लाल<br>बाजे- मुखमिल | राजगढ-१ | ७८८<br>२६४८ | १५५.०० ब.मी.<br>२११.३७ ब,मी. | राजगढ |
| ३ | ऋणी-इन्सारुन खातुन<br>बाबु-रैसोदिन मिया<br>पति-फारुक मिया | बाह्रदशी गा.पा.-४ | १८२४१९३२ झापा | १०/२६/२०७६ | ज.ध.-इन्सारुन खातुन<br>बाबु-रैसोदिन मिया<br>पति-फारुक मिया | चकचकी-९ | ६४२ | ३०४.७८ ब.मी. | राजगढ |
| ४ | ऋणी-राजकुमारी थापा मगर<br>बाबु-इश्वरी थापा मगर<br>पति-टिका प्रसाद आचार्य | बाह्रदशी गा.पा.-३ | ८६/९२ झापा | ११/१२/२०७७ | ज.ध.-राजकुमारी थापा मगर<br>बाबु-इश्वरी थापा मगर<br>पति-टिका प्रसाद आचार्य | राजगढ-८ | ३९८० | १४३०.५५ब.मी. | राजगढ |
| ५ | ऋणी- टिकाराम सुबेदी<br>बाबु-जय नारायण सुबेदी<br>बाजे-खडानन्द | बाह्रदशी गा.पा.-३ | ७६१५१४८३ झापा | ८/२२/२०७६ | ज.ध.- टिकाराम सुबेदी<br>बाबु-जय नारायण सुबेदी<br>बाजे-खडानन्द | राजगढ-८ | ३५७६ | ४२४६.९२ब.मी | राजगढ |
| ६ | ऋणी-संजिला खातुन<br>बाबु-इमाद मिया<br>पति-हेमिद मिया | बिर्तामोड न.पा.-१ | ०४३०१४/०१७ झापा | १२/७/२०७६ | ज.ध.-संजिला खातुन<br>बाबु-इमाद मिया<br>पति-हेमिद मिया | चारपाने-१ | १८३७० | ११८.५२ ब.मी. | बिर्तामोड |
| ७ | ऋणी- तारा देबी घिमिरे<br>बाबु-लक्ष्मी घिमिरे<br>पति-गंगा प्रसाद सिलवाल | अर्जुनधारा न.पा.-११ | ३५७४२१३२ झापा | १२/२/२०७६ | ज.ध.- तारा देबी घिमिरे<br>बाबु-लक्ष्मी घिमिरे<br>पति-गंगा प्रसाद सिलवाल | शनिश्चरे-६ | ४७८० | ७५३.४४ ब.मी. | बिर्तामोड |
| ८ | ऋणी-नुरमहमद मिया<br>बाबु-सदरअली मिया<br>बाजे-कठनु | बाह्रदशी गा.पा.-४ | १८२४९९२ झापा | ९/७/२०७६ | ज.ध.-नुरमहमद मिया<br>बाबु-सदरअली मिया<br>बाजे-कठनु | चकचकी-३ | ६०३ | २९१२.३० ब.मी. | राजगढ |
| ९ | ऋणी-फारुक मिया<br>बाबु-हकमु मिया<br>बाजे कलुवा मिया | बाह्रदशी गा.पा.-४ | १८२४७०६ झापा | ५/७/२०७७ | ज.ध.-फारुक मिया<br>बाबु-हकमु मिया<br>बाजे कलुवा मिया | राजगढ-८<br>चकचकी-९ | १२४५<br>३५० | ४२३०.०० ब.मी.<br>६०९५.५१ ब.मी | राजगढ |


# बिर्तामोडका कार्यपालिका सदस्यले गरे सपथ ग्रहण

झापा, जेठ १७ । बिर्तामोड नगरपालिकाको कार्यपालिका सदस्यमा निर्वाचित आठ जनाले सपथ ग्रहण गरेका छन् । नगरपालिकाको कार्यालयमा मंगलबार एक कार्यक्रमको आयोजना गरी निर्वाचित सदस्यहरुलाई सपथ ग्रहण गराइएको हो ।
नगरप्रमुख पवित्रा महतारा प्रसाईले सपथ ग्रहण गराएकी हुन् । कार्यपालिका सदस्यमा निर्वाचित हुनेहरुमा यमुनादेवी आचार्य,तिला गौतम,निर्मलादेवी सुनार,लक्षिमा खतिवडा,संगीता सिवा,सीता ढुङ्गाना वि.क,शर्मिला राजवंशी र जगतबन्धु राजवंशी रहेका छन् । सपथ ग्रहण कार्यक्रममा नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला,प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपाने,वरिष्ठ कार्यक्रम अधिकृत जय तिम्सिना र वडाध्यक्षहरुको उपस्थिति रहेको थियो ।

सपथ ग्रहणपछि कार्यपालिकाको बैठक बसेको छ । नगरप्रमुख प्रसाईको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा आर्थिक वर्ष २०७९/८०को बजेट,नीति तथा कार्यक्रमलगायतका विभिन्न विषयमा छलफल भयो । बैठकले नवनिर्वाचित जनप्रतिनिधिहरुलाई जेठ १९ र २० गते पञ्जिकरण सहितको २ दिने अभिमुखीकरण तालिम दिने निर्णय गरेको छ । यस्तै बैठकले वडा नम्बर ३,४,५ र ६मा पर्ने हर्कलाल सडक,वडा नम्बर ५को कन्काई मार्ग सडक,वडा नम्बर ९मा पर्ने शहिद चन्द्र मार्ग सडक, वडा नम्बर ४मा पर्ने विद्युत प्राधिकरण दक्षिण नेकपा एमालेको पार्टी कार्यालय हुँदै पूर्वपश्चिम राजमार्ग जोड्ने सडक,वडा नम्बर ७ को गरामनी बजार उत्तर भुसावाडी जोड्ने सडक,वडा नम्बर १को नचानु टोल हुँदै बैँसावाडी ठाकुर मन्दिर जाने सडक र घाग्रा,देउनिया,अदुवा खोला कटान नियन्त्रण योजनाहरुका लागि प्रदेश सरकारसंग माग गर्ने निर्णय गरेको छ ।

यस्तै बैठकले नगरपालिका क्षेत्रभित्रका अति आवश्यकीय स्थानमा सडक मर्मत तथा स्तरोन्नति गर्न आवश्यक भएका कारण ग्राभेलको व्यवस्था गर्न नगरप्रमुखलाई जिम्मेवारी दिने निर्णय गरेको छ ।जनप्रतिनिधिहरु निर्वाचित भएपछिको यो दोस्रो कार्यपालिका बैठक हो । यसअघि जेठ ११ गते पहिलो बैठक सम्पन्न भएको थियो ।

## सिम्रिक...

मानवीय उद्धार सेवाकेन्द्र नेपाल, झापाको सहकार्यमा सम्पन्न सो कार्यक्रममा संस्थाका अध्यक्ष भट्टराईले सिम्रिक साकोसको वित्तीय अवस्था तथा संक्षिप्त चिनारी जानकारी गराएका थिए । संस्था स्थापनाको १२ वर्षमा सिम्रिक साकोसले सामाजिक उत्तरदायित्व निर्वाहका क्षेत्रमा देखिनेगरी काम गरिरहेको स्मरण गराउँदै उनले बालबालिकालाई पोशाक वितरण पनि उदाहरणीय बन्नेमा बिश्वास गरे । भोलिका कर्णधार, भावी राष्ट्रका गहना बालबालिका र विद्यार्थीलाई शिक्षाको उज्यालो घाममा रमाउन दिनु नै आजको आवश्यकता भएको जनाउँदै अध्यक्ष भट्टराईले सिम्रिक साकोस सबै बालबालिकाको भविष्य उज्जवल बनाउन हरतरहले लागिरहने विचार व्यक्त गरे । संस्थाका सञ्चालक समिति सदस्य नविन योगीले आमन्त्रितहरुलाई शब्दद्वारा स्वागत गर्दै विपन्न समुदायका बालबालिकालाई पोशाक वितरण गर्नुको औचित्यबारे प्रष्ट्याएका थिए । बाह्रदशी वडा नं. १ का नवनिर्वाचित जनप्रतिनिधिहरुलाई स्वागत सम्मान पनि गरिएको सो कार्यक्रममा विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई एकमुष्ठ पोशाक हस्तान्तरण गरिएको थियो ।
कार्यक्रमको सञ्चालन संस्थाका सचिव इन्द्रबहादुर कार्कीले गरेका थिए भने मानवीय उद्धार सेवाकेन्द्र नेपाल, झापाका अध्यक्ष धनबहादुर बुढाथोकीले आफ्ना धारणा राखेका थिए ।


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

# कांग्रेसलाई बिर्तामोडमा सबैभन्दा बढी अन्तर्घात

*बिर्तामोड (प्रस)* । झापा जिल्लामा पार्टीका उम्मेदवारमाथि सबैभन्दा धेरै अन्तर्घात भएको बिर्तामोडका बारेमा नेपाली कांग्रेसले गंभीर निर्णय लिने भएको छ ।
बिर्तामोडको १० वटा वडामध्ये ६ र १० बाहेक अरु सबै वडामा अन्तर्घात भएको ठहर गरिएको छ । अन्तर्घात गर्ने ठूलो संख्यामा रहेका नेता कार्यकर्ताहरुको पहिचान गरी कार्वाहीको प्रक्रिया अघि बढाइएको पार्टीका नगर सचिव दिनेश पराजुलीले बताए ।
धेरै संख्यामा नेता कार्यकर्तालाई कार्वाही गर्दा पार्टी नै नरहने हो कि भन्ने डर एकातिर छ भने अर्कोतिर अन्तर्घात गर्नेहरुले पार्टी नै समाप्त पार्न लागेकाले कार्यकर्ता छाट्नैपर्ने जरुरी देखिएको छ । त्यही भएर पार्टीले गंभीर निर्णय लिन लागेको सचिव पराजुलीले बताए ।
बिर्तामोडमा कांग्रेसले माओवादीसंग गठबन्धनसंग गरी चुनाव लडेको थियो । कांग्रेसले नगर प्रमुखसहित ८ वटा वडाको वडाध्यक्ष र माओवादीले उपप्रमुखसहित दुईवटा वडाध्यक्ष पदमा निर्वाचन लडेको थियो । माओवादीले वडाध्यक्ष पाएर निर्वाचन लडेको बिर्तामोड ७ मा ७० प्रतिशत कांग्रेस कार्यकर्ताले गठबन्धन दल माओवादीलाई भोट नदिएको अनुमान गरिएको छ । त्यस्तै वडा नं १ ,२ , ३ , ४ , ५ , ८ र ९ मा पनि व्यापक रुपमा अन्तर्घात भएको पार्टीले ठहर गरेको छ । कार्यकर्तासगै बिर्तामोडका अग्रज नेताहरुले समेत निर्वाचनमा अन्तर्घात गरेको पार्टीको ठम्याइ छ ।
१० वटै वडा समितिले निर्वाचनको समीक्षा गरी अन्तर्घात गर्नेहरुलाई कार्वाहीको सिफारिस गर्न लागेको नगर सचिव पराजुलीले जानकारी दिए ।' वडाहरुले बैठक गरेर सिफारिस गर्दैछन् ' उनले भने ,' वडाहरुबाट सिफारिस आइसकेपछि जेठको अन्तिम साता नगर समितिको बैठक बसेर कार्वाहीको टुंगो लगाउँछौं ।' त्यस्तै वागी उम्मेदवारी दिनेलाई पनि कार्वाही हुने भएको छ ।बिर्तामोडमा केही वर्षदेखि पार्टीभन्दा जातीय राजनीति बढी हावी भएको छ । आदिवासी जनजाति समुदायका उम्मेदवार उठ्दा एउटै पार्टीको भएपनि गैर आदिवासीले सहयोग नगर्ने र गैर आदिवासी उठ्दा आदिवासीहरुले सहयोग नगर्ने प्रवृति देखिएको छ । ' समुदायमा मात्र नभएर थरमा समेत राजनीति गरेको पाइयो ' कांग्रेसका एक कार्यकर्ताले भने ,' प्रसाई उठ्दा सिटौलाले सहयोग नगर्ने , सिटौला उठ्दा प्रसाईले सहयोग नगर्ने ।' त्यही प्रवृतिका कारण हरेक पार्टीभित्र खासगरी कांग्रेसमा अन्तर्घात बढी मौलाउदै गएको हो ।
बिर्तामोडमा कांग्रेसका करीव ५ हजार कार्यकर्ता छन् । ती कार्यकर्ता र उनीहरुको परिवारका सदस्यले भोट दिएको भए कांग्रेसका उम्मेदवारले स्वतः निर्वाचन जित्नुपर्थ्यो ।तर,नगर प्रमुखका उम्मेदवार भोजराज सिटौला १२ हजार ७६२ मत ल्याउँदै पराजित भएका छन् । एमालेकी पवित्रा महतारा प्रसाई १६ हजार ५२० मतका साथ विजयी भएकी हुन् ।
उता स्थानीय तहको निर्वाचनमा आफ्ना पार्टीको उम्मेदवारलाई असहयोग गरेको भन्दै शिवसताक्षीमा नेपाली कांग्रेसका नेता कार्यकर्ता कारबाहीमा परेका छन् ।

शिवसताक्षी नगरपालिका वडा नम्बर ५ को वडा समितिले वडाका १२ जना नेता कार्यकर्तालाई पार्टीको साधारण सदस्य समेत नरहने गरी कारबाहीको सिफारिस गरेको छ । वडा समितिका सभापति राकेश राजवंशीको अध्यक्षतामा सोमबार बसेको बैठकले पार्टीका उम्मेदवारलाई असहयोग गरेको पुष्टी भएपछि ती नेता कार्यकर्तालाई कारबाहीको सिफारिस गर्ने निर्णय गरेको हो ।
सो वडामा नेपाली कांग्रेसले पदम थापालाई वडा अध्यक्ष पदमा उम्मेदवार बनाएको थियो । तर, पार्टीका क्रियाशील सदस्यले आफू इतर दलका उम्मेदवारलाई खुलेर सहयोग गरेको प्रमाण फेला परेपछि त्यस्ता नेता कार्यकताको पार्टी क्रियाशील सदस्यता खोसिएको नेपाली कांग्रेस शिवसताक्षी नगरको ५ नम्बर वडा समितिले जनाएको छ ।वडा सभापति राजवंशीका अनुसार टंकप्रसाद मैनाली, अमृतबहादुर कटुवाल, सतानुसिंह राजवंशी, रतनलाल साह, कर्णप्रसाद ताजपुरिया, सन्तोष शाह, खड्गप्रसाद ताजपुरिया, चित्र गिरी, सूर्यनारायण सिंह राजवंशी, नागेश्वर राजवंशी, महेन्द्र ताजपुरिया र उदय भानु शाहलाई वडा समितिले कारबाही गरेको छ ।यता नगरमा हाइप्रोफायल भएका कांग्रेस नेतालाई पनि पार्टीले कार्वाही गर्ने नेपाली कांग्रेस शिवसताक्षी नगरले जनाएको छ ।

स्थानीय तहको निर्वाचन अगावै कांग्रेस बाहेकको पार्टीबाट बिभिन्न पदमा उम्मेदवारी दिने, उम्मेदवारलाई असहयोग गरी अन्य राजनीतिक दलका उम्मेदवारलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने नेता कार्यकर्तालाई कारबाही गर्ने तयारी भएको नगर प्रमुखका प्रत्यासी पर्शुराम ढुँगानाले बताए ।
वडा नं. ८ बाट याम बुढाथोकी र रुद्रमणी भट्टराई,११ बाट छत्रबाबु ओझा, ६ बाट चन्द्रमणी पौडेल, सन्तोष इजम र वडा नं. ४ बाट रुद्र सिटौलालाई पार्टीले कार्वाही गर्ने नगर समितिले जनाएको छ ।

# सिम्रिक साकोसले ११५ विद्यार्थीलाई दियो स्कूल पोशाक




*बाह्रदशी (प्रस)* । झापाको बिर्तामोडस्थित सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले बाह्रदशी गाउँपालिका वडा नं. १ र २ का तीनवटा विद्यालयमा अध्ययनरत विपन्न परिवारका ११५ जना विद्यार्थीहरुलाई पोशाक वितरण गरेको छ ।
बाह्रदशी १ को अमृत माविमा आयोजित विशेष कार्यक्रममार्फत सो विद्यालयका ५९ जना, साधुपर्ति आधारभूत विद्यालयका ३० जना र भगवती आधारभूत विद्यालयका २६ जना गरी ११५ जना विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरिएको हो ।
संस्थाका अध्यक्ष सुवास भट्टराईको अध्यक्षतामा सम्पन्न विद्यालय पोशाक वितरण कार्यक्रमको प्रमुख अतिथि बाह्रदशी गाउँपालिका वडा नं. १ का वडाध्यक्ष टेकबहादुर सिंह राजवंशी रहेका थिए । प्रमुख अतिथि राजवंशीले मन्तब्यका क्रममा सिम्रिक साकोसले विपन्न परिवारका बालबालिकालाई विद्यालय पोशाक वितरण गरेर उनीहरुलाई शिक्षा आर्जनमा आकर्षित गरेको बताए ।
बालबालिकाले शिक्षा हासिल गर्नसके तिनको परिवारको जीवनस्तर माथि उठाउन मद्धत पुग्ने बिश्वास ब्यक्त गर्दै वडाध्यक्ष राजवंशीले सिम्रिक साकोसले विपन्न विद्यार्थी छनोट गरेर पोशाक वितरण गर्दा सामाजिक उत्तरदायित्व बढेको अनुभूति गरेको बताए ।

❖ बाँकी अन्तिम पृष्ठमा

# जन्मदिनको अवसरमा वृक्षरोपण



*झापा (प्रस)* । कचनकवल गाउँपालिका- ६ स्थित बनियानी चोकको मुख्य हाइवेमा बनाइएको डिभाइडरमा वृक्षरोपण गरिएको छ । स्थानीय युवा निश्चल दाहालले आफ्नो जन्मदिनको अवसर पारेर डिभाइडरमा १०० थान लन्डन धुपी जातको बिरुवा र २० पारिजात फूलको बिरुवा रोपेका हुन् । स्थानीय स्तरमा सामाजिक काममा सदैव अग्रसर रहेका दाहाल आफ्नो गाउँ आफ्नै बनाउने उद्देश्यसहित सामाजिक क्षेत्रमा सक्रिय छन् । युएइ बसाइका दौरान गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् युएइको महासचिव पद सम्हालेका दाहाल, भर्खरै बितेको स्थानीय तह निर्वाचनमा कचनकवल ६ को वडा अध्यक्ष पदमा स्वतन्त्र उम्मेदवार बनेका थिए । 'मैले संख्यात्मक रुपमा चुनावमा हारे पनि, जनमानसमा विकासको बीजारोपण गरेको छु,' उनले भने, 'आधुनिक शिक्षा प्रणाली अवलम्बन गरेको गाउँ बनाउँदैछु' ।

वातावरणमैत्री पालिका बनाउने अभियानबाट पछि नहट्ने भन्दै वृक्षरोपण वातावरणीय सचेतनाको लागि गरेको उनले बताए । लक्ष्मी मावि र कचनकवल विद्या मन्दिरका विद्यार्थीहरूलगायत स्थानीय युवा तथा बुद्धिजीवीहरू पनि वृक्षरोपण कार्यक्रममा सहभागी भएका थिए।

# ८ वर्षीया बालिकालाई बलात्कार प्रयास गर्ने पक्राउ

*झापा (प्रस)* । बलात्कार प्रयास गरेको आरोपमा खोटेहाङ गाउँपालिका-७ खोटाङ बजारका २६ वर्षीय युवक पक्राउ परेका छन् । गत जेठ ११ गते विद्यालय गइरहेकी ८ वर्षीया बालिकालाई बलात्कार प्रयास गर्ने ती युवकलाई घरबाटै पक्राउ परेका हुन् । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक शंकरप्रसाद चौधरीका अनुसार युवकलाई पक्राउ गरी सोमबार पाँच दिनको म्याद थपेर थप अनुसन्धान थालिएको छ । एक्लै भएको मौका पारेर नाबालिकालाई घरबाट बाहिर लगेर बलात्कारको प्रयास गरेको ती युवकमाथि आरोप लागेको छ । जेठ १३ गते उजुरी परेपछि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

# हत्याको आरोपमा दुई बालक पक्राउ

*झापा (प्रस)* । सुनसरीको धरान उप-महानगरपालिका-५ सेउती खोला बगरमा मृत फेला परेका धरान-११ का ३१ बर्षीय सन्दिप लम्जेलको हत्यामा संलग्न रहेको आरोपमा ईलाका प्रहरी कार्यालय धरानले दुई जनालाई पक्राउ गरेको छ । जेठ १२ गते बिहान लम्जेल सेउती खोलाको बगरमा शरीरका बिभिन्न ठाउँमा काटिएको र धारिलो हतियारले घोपिएको अवस्थामा मृत फेला परेका थिए । मृत फेला परेका व्यक्तिको तत्काल नाम थर नखुलेता पनि केही समयमै उनको पहिचान खुलेसंगै लम्जेलको हत्या भएको आशंकामा प्रहरीले अनुसन्धान शुरु गरेको थियो । अनुसन्धानको क्रममा उनको हत्यामा धरान-१५ बस्ने दुईजना बालकको संलग्नता रहेको पाएसंगै दुबैजनालाई पक्राउ गरिएको र उनीहरुको सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

# श्रीमान्‌ले मलद्वारमा लौरो घुसाउँदा श्रीमतीको मृत्यु

*झापा (प्रस)* । घरायसी विवादको क्रममा श्रीमान्‌ले मलद्वारमा लौरो घुसाउँदा सख्त घाइते भएकी महिलाको सोमबार राति उपचारको क्रममा मृत्यु भएको छ ।
भरतपुर अस्पतालमा पाँच दिनदेखि उपचाररत पूर्वी चितवनको खैरहनी नगरपालिका-१० कि गीता माझीको मृत्यु भएको भरतपुर अस्पतालका सूचना अधिकारी गोपाल पौडेलले जानकारी दिए । माझीको सोमबार अपरेसन गरिएको थियो । अपरेसनपछि पोष्टअपमा उपचारमा हुँदा घाइतेको मुटुको चाल अचानक रोकिन पुगी मृत्यु भएको उनले बताए । 'हिजो अपरेसनपछि पोष्टअपमा हुनुहुन्थ्यो । सोमबार राति अचानक कार्डियाअरेष्ट भएपछि उहाँको मृत्यु भयो', उनले भने । पाँच दिनअघि ४० वर्षीय श्रीमान् रामचन्द्र माझीले श्रीमती गीताको मलद्वारमा लौरो घुसाएर घाइते बनाएका थिए । घटना लगत्तै प्रहरीले रामचन्द्रलाई पक्राउ गरी नियन्त्रणमा लिएको छ । गीताका दुई छोरी छन् । श्रीमान्‌ले मलद्वारबाट लौरो घुसाउँदा गीताको यौनाङ्ग र मलद्वारबीचको खाली भाग च्यातिएको छ । उनको उपचारमा संलग्न चिकित्सक दीपेन्द्र न्यौपानेका अनुसार गीताको यौनाङ्गको चार तह च्यातिएको थियो ।



कम्मरको हड्डी भाँच्चिएको थियो । जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक नरहरि अधिकारीले रामचन्द्रविरुद्ध लिखित उजुरी पर्न बाँकी रहेको बताए । घाइतेको मृत्युअघि आरोपीविरुद्ध ज्यान मार्ने उद्योग र बलात्कारको मुद्दा दर्ता गरेर अनुसन्धान भएकामा अहिले मृत्यु भइसकेपछि अब ज्यानसम्बन्धी मुद्दाको प्रक्रिया अघि बढ्ने उनले बताए । अब उजुरी नआए पनि ज्यान मरिसकेको भएकाले ज्यानसम्बन्धी र बलात्कार मुद्दामा कानूनी प्रक्रिया अघि बढ्ने उनको भनाइ छ ।

# पथरिशनिश्चरेका कार्यपालिका सदस्यको सपथ ग्रहण

*पथरीशनिश्चरे (प्रस)* । मोरङको पथरीशनिश्चरे नगरको कार्यपालिका सदस्यका रुपमा महिला, दलित वा अल्पसंख्यकका तर्फबाट निर्वाचित ८ जनाले पद तथा गोपनियताको सपथ ग्रहण गरेका छन् ।
निर्वाचन अधिकृतको कार्यालयद्वारा मंगलबार आयोजित एक कार्यक्रमका बीच नगर प्रमुख मोहनप्रसाद तुम्वापोले उपप्रमुख देवीमाया



काफ्लेको उपस्थितिमा पद तथा गोपनियताको सपथ ग्रहण गराएका हुन् । प्रमुख निर्वाचन अधिकृत खगेन्द्र सुवेदी र सहायक अधिकृत पुण्यप्रसाद पौडेलले नगर प्रमुख तुम्वापोकै अगुवाईमा प्रमाणपत्र वितरण गरेका थिए । यसअघि वडा सदस्यमा निर्वाचित कल्पना श्रेष्ठ, तुलसा कार्की (मुना), मिनाकुमारी तामाङ, शान्ता योङहाङ र सीता दर्जी महिला सदस्यका रुपमा कार्यपालिकामा निर्विरोध निर्वाचित भएका छन् भने अञ्जना दर्जी, पदमबहादुर धिमाल र वीरध्वज नेपाली शिवा दलित वा अल्पसंख्यक तर्फबाट कार्यपालिका सदस्यमा मनोनित भएका हुन् । १० वटै वडाका वडाध्यक्षहरुको समेत उपस्थिति रहेको उक्त कार्यक्रममा प्रमुख निर्वाचन अधिकृत सुवेदी र सहायक अधिकृत पौडेललाई नगरपालिकाले धन्यवाद ज्ञापन गरेको छ ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान


वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ कार्यको थालनी हुनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ ।
**वृष** अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।
**मिथुन** आज धार्मिक कार्य सफल रहनेछन् । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला ।
**कर्कट** आफ्नो प्रयास र कामधन्दाबाट दीर्घकालिक फाइदा पुग्न सक्छ ।
**सिंह** कार्य सम्पादनमा सहजता मिल्नेछ । रोकिएका काम सम्पादन हुने योग छ ।
**कन्या** मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ ।
**तुला** रमणीय र सुखद् यात्राको योग छ । राज्यबाट मान सम्मान पाइनेछ ।
**वृश्चिक** आज जोश, जाँगर र उमङ्ग बढ्नेछ । नयाँ र शुभकार्यको चर्चा चल्नेछ ।
**धनु** ठीक समयमा सही निर्णय लिन सकिनेछ । आँटेको र ताकेको कार्य पुरा होला ।
**मकर** सामाजिक कार्यबाट सफलता मिल्नेछ । सरकारी जागिरेले प्रशंसा पाउनेछन् ।
**कुम्भ** प्रतिष्ठा र पुरस्कार प्राप्त हुनसक्छ । परोपकारका क्षेत्रमा लगानीको समय छ ।
**मिन** नयाँ कामका विभिन्न अवसर फेला पर्ने छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ ।